# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

नेपाल सरकार
अर्थ मन्त्रालय

## सूचना प्रकाशन तथा विज्ञापन सेवा आपूर्तिका लागि सिलबन्दी दरभाउपत्र आह्वान

**(प्रथमपटक सूचना प्रकाशित भएको मिति : २०७५।०५।०४)**

**ठेक्का नं. MOF-03/075-76**

१. नेपाल सरकार, अर्थ मन्त्रालय योग्य सिलबन्दी दरभाउपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला सिलबन्दी दरभाउपत्र प्रक्रियाअन्तर्गत, आर्थिक वर्ष २०७५/७६ का लागि सूचना प्रकाशन तथा विज्ञापन सेवा उपलब्ध गर्न यो सिलबन्दी दरभाउपत्र आह्वान गर्दछ ।

२. योग्य सिलबन्दी दरभाउपत्रदाताहरूले यससम्बन्धी थप जानकारीका लागि वा सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजातहरू हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् : अर्थ मन्त्रालय, स्टोर शाखा, टेलिफोन नं. ०१-४२११३६१ / website: www.mof.gov.np मा पनि हेर्न सकिनेछ ।

३. योग्य बोलपत्रदाताले बोलपत्रसम्बन्धी कागजातहरू अर्थ मन्त्रालय, स्टोर शाखा, सिंहदरबारबाट सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र बोलपत्रसम्बन्धी कागजातको दस्तुर रू. १,०००। (एक हजार मात्र) (फिर्ता नहुने) एभरेष्ट बैंक खाता नं. ००१००१०६२००००००, कार्यालय कोड नं. ३०५००३५०३, राजस्व संकेत नं. १४२२९ मा जम्मा गरेको भौचर पेश गरी प्राप्त गर्न सकिने छ ।

४. सिलबन्दी गरिएको सिलबन्दी दरभाउपत्र अर्थ मन्त्रालय, सिंहदरबारमा १६औं दिनको १२.०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकार गरिनेछैन ।

५. तोकिएको समयभित्र पेश भएका शिलबन्दी दरभाउपत्रहरू उपस्थित हुनुभएका सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा अर्थ मन्त्रालय, सिंहदरबारमा १६औं दिनको २.०० बजे खोलिनेछ । सिलबन्दी दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ (पैंतालीस) दिनसम्मको लागि सिलबन्दी दरभाउपत्र मान्य हुनेछ । सिलबन्दी दरभाउपत्रका साथ रु. ४०,०००। (चालीस हजार मात्र) सिलबन्दी दरभाउपत्र जमानतबापत को.ले.नि.का. भुक्तानी केन्द्र ४ सिंहदरबारको धरौटी खाता नम्बर १३५००१/०७५, कार्यालय कोड नम्बर २७-३०५-०७ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकहरूबाट अर्थ मन्त्रालयको नाउँमा जारी भएको विड सेक्युरिटी-पत्र पेश गर्नु पर्नेछ र त्यस्तो सिलबन्दी दरभाउपत्र जमानतको मान्य हुने अवधि सिलबन्दी दरभाउपत्रको मान्य हुने अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

६. सिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा सिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा सिलबन्दी दरभाउपत्र र सिलबन्दी दरभाउपत्र जमानतको मान्यअवधि भने साविककै मितिदेखि गणना गरिने छ ।

७. सिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७३।७४ को कर चुक्ता प्रमाणपत्र, सरकारी निकाय वा संस्थाहरूमा सिलबन्दी दरभाउपत्रमा उल्लेखित कार्य अनुभवको प्रमाण र सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजातमा उल्लेखित शर्तहरूबमोजिमका आवश्यक प्रमाणपत्रहरू पेश गर्नुपर्नेछ ।

८. सिलबन्दी दरभाउपत्र प्रस्ताव स्वीकृत भएको फर्म वा संस्थाले सिलबन्दी दरभाउपत्रमा उल्लेख भएअनुसारको गुणस्तरीय सेवा यस मन्त्रालयको आवश्यकताबमोजिम उपलब्ध गराउनु पर्नेछ ।

९. सिलबन्दी दरभाउपत्रदाताले SOR (Schedule of Requirements) मा उल्लेखित सम्पूर्ण प्रकाशन गृहका लागि कबोल अंक उल्लेख गर्नुपर्नेछ । आंशिक रूपमा उल्लेखित कबोल रकमलाई स्वीकार गरिनेछैन ।

१०. कुनै वा सबै सिलबन्दी दरभाउपत्र, पूरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

११. यो सूचना र सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजातमा स्पष्ट नभएका विषयहरू प्रचलित कानुन तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।